# राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको अनुरोध

निजी आवास पुनर्निर्माणमा प्राविधिक सहयोग गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्प प्रभावित ३१ वटै जिल्लाका स्थानीय तह मातहत रहने गरी तोकिएको संख्यामा ईन्जिनियर, सव-इन्जिनियर एवं असिस्टेन्ट सव-इन्जिनियर खटाइसकेको छ ।

यसरी खटाइएका प्राविधिकहरु तपाइँको गाउँपालिका वा नगरपालिकामा हाजिर हुन आएका छैनन भने तुरन्त प्राधिकरणको केन्द्रीय कार्यालयको फोन नम्बर ४२११४८२ मा मौखिक रुपमा र फ्याक्स नम्बर ४२११४७३ मा लिखित रुपमा जानकारी दिन सम्पूर्ण सम्बद्ध स्थानीय तहहरुमा अनुरोध छ ।

**२०७४ मंसिरमै नियुक्ति लिई २०७४ पौष २३ गते सम्म हाजिर हुन नआएका प्राविधिकहरुको नियुक्ति रद्द गरिसकिएकाले ती प्राविधिकलाई हाजिर नगराउनु हुन समेत सूचित गरिन्छ ।** रिक्त रहेका स्थानहरुमा आवश्यक प्राविधिकहरु यथासिघ्र खटाइ पठाउने व्यहोरा पनि जानकारी गराउछौं।